सिम्रौनगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिम्रौनगढ, बारा

प्रदेश मधेश, नेपाल

# माछापोखरी शिलबन्दीबोलपत्रअव्हानको सूचना

प्रथम पटक प्रकाशितमिति : २०७९।०८।२९

यस नगरपालिकाको अधिकार क्षेत्रमा पर्ने निम्न अनुसारका माछा पोखरीहरु लाई ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट अपनो फर्मको नविकरण भएको प्रमाणपत्र मूल्यअभिवृधि कर दर्ता प्रमाण पत्र तथा करचुक्ता प्रमाण पत्र,उक्त कार्य गर्न योग्य भएको स्व. घोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही स्थानीय सरकार संचालन ऐन २०७४ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ एवं अन्य प्रचलित कानून बमोजिम शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.नं. | पोखरीको विवरण | न्यूनतम ठेक्काअंक | बोलपत्रफारम दस्तुर ( पछि फिर्ता नहुने) | ठेक्काअवधि |
|---|---|---|---|---|
| पो.१/२०७९/०८० | अमवा माछा पोखरी<br>सा.गा.वि.स. उचिडिह वार्ड नं.४<br>कि.नं.१७९ को ज.वि. ४-०-० | ५३०००००।-<br>त्रिपन्न लाख | ३०००।- | ठेक्का सम्झौताभएको मिति देखि ५ वर्ष सम्म |

शर्तहरु:

१. बोलपत्र फाराम माथि उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ तथा संघ संस्थावा ठेकदारको हकमा नवीकरण भएको व्यवसाय इजाजत पत्र, आ.व. २०७८/७९ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा ३० दिन कार्यालय समय भित्र यस कार्यालय बाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फरम खरिद गर्ने अन्तिम मितिको भोलि पल्ट १२:०० बजे सम्म यस कार्यालयमा दरभाउपत्रदर्ता गराउन सकिनेछ । समय भित्र प्राप्तशिलबन्दी दरभाउपत्रहरु, दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिनको २:०० बजे दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्रखोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र फरम साथ ठेक्काको लागिआफुले कबोल गरेको रकमको १० प्रतिशत धरौटी वापतको रकम यस कार्यालयको ग्लोबल आई.एम. ई. बैंक सिम्रौनगढमा रहेको Q604010000003 धरौटी खातामाजम्मा गरेको सक्कलै बैंक भौचर टेण्डर फारम संगै संग्न राखी पेश गर्नु पर्ने छ ।

४. बोलपत्र फरम मा दररेट उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ ।

५. बोलपत्र स्वीकृत भए पछि सूचनापाएको मितिले ७ दिन भित्र नियमानुसार आयकर,मूल्यअभिबृधि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौतागर्न आउनु पर्ने छ । सो अवधिभित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकमजफत गरीनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः सूचना अव्हान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. नियमानुसार ठेक्का स्वीकृत भै बुझाउनु पर्ने कबोल अंक रकम एक मुष्ठ दाखिला गरेमा बढीमा १०% ले हुने रकम छुट दिई सम्झौता गरी स्थायी चलन पूर्जी पटा दिइने छ ।

७. ठेकदारले आफूले कबोल गरेको कुल रकम ५ किस्तामा बुझाउनु पर्ने छ । पहिलो किस्ताको रुपमा आफूले कबोल गरेको कुल ठेक्का रकमको २०% रकम सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ । त्यस पछिको रकमलाई बराबर भाग लागाई चार किस्तामा बुझाउनु पर्नेछ । सो तिन किस्ताको पहिलो किस्ता रकम २०८० साल असोज मसान्त भित्र, दोश्रो किस्ता बापतको रकम २०८१ साल अषाढ मसान्त भित्र, तेश्रो किस्ताबापतको रकम २०८२ अषाढ मसान्त र अन्तिम किस्ता बापतको रकम धरौटी रकम मिन्हाहुने गरी २०८३ अषाढ मसन्त भित्र बुझाउनु पर्ने छ ।

दिनेश कुमार न्यौपाने

प्रमुख प्रशासकिय अधिकृत

(उप-सचिव)

CS Scanned with CamScanner

८. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी रकमको यस कार्यालयको नाउँमा ठेकदारको तर्फ बाट जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) वा जग्गा दृष्टी बन्धकगरे पछि ठेक्का सम्झौता गरी चलन पुर्जी दिनेछ ।

९. ठेक्का सम्बन्धमा कुनै किसिमको बिबादको स्थिती स्वीकार्य हुने छैन । ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिती सृजना भएमा वा यस कार्यालय तथा ठेकदार बिच कुनै बिबाद उत्पन्न भएमा प्रचलित कानुन ऐन नियमको परिधिभित्र रही यस न.पा. को निर्णय अन्तिम हुनेछ ।

१०. पोखरी प्रयोग गर्दा सार्वजनिक, व्यक्तिगत सम्पतीको हानी नोक्सानी गर्न पाईने छैन । साथै केही बहुमूल्य वस्तू फेला परेमा नेपाल सरकारको हुनेछ । माछापालन गर्दा पोखरीको भैतिक संरचना विगार्न पाइने छैन ।

११. सम्मानित अदालत ,नेपाल सरकार ,न.पा.को निति निर्देशन तथा आदेशको पालना गर्नु गराउन र लागु गर्नु ठेकदारको कर्तव्य एवं दायित्व हुनेछ । निति निर्देशन वा आदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानीनोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले न.पा. संग गर्न पाउने छैन ।

१२.यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएको कुराहरुको हकमा प्रचलितकानून बमोजिम हुनेछ ।

दिनेश कुमार न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत
(उप-सचिव)